"कृषि, पर्यटन र साँस्कृतिक पूर्वाधार: टेम्केमैयुङ विकासको आधार"

# टेम्केमैयुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर
कोशी प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

प.सं.:- २०८३/८४
च.नं.:- ६२

मितिः- २०८३/०४/२१

**विषयः घरधुरी, मालपोत तथा व्यवसाय नविकरण दस्तुर सम्बन्धमा ।**

श्री सम्बन्धित सबै जग्गाधनी तथा सेवाग्राही महानुभावहरू
टेम्केमैयुङ गाउँपालिका, अन्नपूर्ण, भोजपुर ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट गत आ. व. सम्म पुरानो Software वाट घरधुरी, मालपोत तथा व्यवसाय नविकरण दस्तुर संकलन गर्ने गरिएकोमा चालु आर्थिक वर्ष देखि सञ्चितकोष व्यवस्थापन प्रणाली (**SuTRA राजस्व**) मार्फत सबै प्रकारका राजस्व संकलन गरिने व्यवस्था लागू भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। गतवर्ष सम्म सञ्चालित Software मा अभिलेखिकरण भएको विवरण हालको (**SuTRA राजस्व**) प्रणालीमा Transfer नहुने भएकोले यस आ.व. देखि करदाताको व्यक्तिगत विवरण र निजको घरजग्गाको विवरण अभिलेखिकरण अनिवार्य रूपमा Online प्रणाली (SuTRA राजस्व) मा प्रविष्टि गर्नुपर्ने भएकाले आफ्नो वडा कार्यालयमा घरधुरी, मालपोत दस्तुर र व्यवसाय दर्ता तथा नविकरण दस्तुर वुझाउन आउदा देहाय बमोजिमका कागजातहरू अनिवार्य रूपमा साथमा लिएर उपस्थित हुन सम्बन्धित सबै सरोकारवाला/सेवाग्राही महानुभावहरुमा अनुरोध गरिन्छ।

<u>आवश्यक कागजातहरू:</u>

१. सम्बन्धित जग्गाधनीको जग्गाधनी दर्ता प्रमाणपूर्जा (लालपुर्जा)

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३. व्यवसाय दर्ता प्रमाण पत्र

३. सम्बन्धित जग्गाधनी तथा व्यवसाय गर्ने व्यक्तिको मोबाइल नम्बर (मोबाइल नम्बर नभएको अवस्थामा एकाघर परिवारका सदस्यको मोबाइल नम्बर)

२०८३।४।२१

..........................
अदित दाहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत